# चतुर्भुजेश्वर जनता बहुमुखी क्याम्पस

सुखेपोखरी,हरिवन ,सर्लाहीको

# प्राध्यापक कर्मचारी नियमावली - २०६३

तेश्रो संधोधन २०७६

संचालक समितिबाट अनुमोदन मिति - २०७७ श्रावन २ गते शुक्रवार

## प्राध्यापक - कर्मचारी नियमावली

क्याम्पसको विधान २०४८ (आठौं संसोधन २०७६) को दफा ७५(क) ले दिएको अधिकार प्रयोग गरी सञ्चालक समितिले प्राध्यापक तथा कर्मचारी सेवालाई व्यवस्थित गर्न यो नियमावली तर्जुमा गरी लागु गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(क) यो नियमावलीको नाम चतुर्भूजेश्वर जनता बहुमुखी क्याम्पस प्राध्यापक कर्मचारी सम्बन्धी नियमावली २०७६ रहेको छ ।

(ख) यो नियमावली सञ्चालक समितिले पारित गरेको मितिदेखि लागु हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) "ऐन" भन्नाले सम्बन्धनदिने विश्वविद्यालय, विश्वविद्यालय अनुदान आयोगका नियमावलीहरू र अन्य नेपाल सरकारको प्रचलित ऐन कानूनलाई सम्झनु पर्दछ ।

(ख) "क्याम्पस" भन्नाले चतुर्भूजेश्वर जनता बहुमुखी क्याम्पस सम्झनु पर्दछ ।

(ग) "सञ्चालक समिति" भन्नाले विधान दफा १८ बमोजिम गठित सञ्चालक समिति सम्झनु पर्दछ ।

(घ) "पदाधिकारी" भन्नाले विधान दफा २ को उपदफा(भ) बमोजिमका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सदस्य-सचिव वा क्याम्पस प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "शिक्षक" भन्नाले विधान दफा २ को उपदफा(प) मा परिभाषित शिक्षक सम्झनु पर्दछ ।

(च) "कर्मचारी" भन्नाले विधानदफा २ को उपदफा(फ) बमोजिम तोकिएको कर्मचारी सम्झनु पर्दछ ।

(छ) "क्याम्पस सेवा" भन्नाले क्याम्पसका शिक्षक तथा कर्मचारी सेवा सम्झनु पर्दछ ।

(ज) "अख्तियारवाला" भन्नाले तोकिएको अख्तियारवाला सम्झनु पर्दछ ।

(झ) "तोकिए वा तोकिए बमोजिम" भन्नाले क्याम्पस र अन्य विनियम अन्तर्गत जारी भएका कार्य प्रणाली, आदेश वा निर्देशिका सम्झनु पर्दछ ।

(ञ) "क्याम्पस सेवा आयोग/छनौट तथा पदपूर्ति उप-समिति" भन्नाले क्याम्पसमा आवश्यक शिक्षक तथा कर्मचारीको नियुक्ति सिफारिस गर्ने, मूल्याङ्कन गर्ने, क्याम्पस सञ्चालक समितिबाट गठित निकायलाई सम्झनु पर्दछ ।

**३. विनियमको व्याख्या :**

यस विनियमको प्रयोग गर्दा कसैलाई मर्का परेमा निजले सञ्चालक समिति समक्ष निवेदन दिन सक्नेछ । यसरी परेको निवेदनमा सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद - २
## पद व्यवस्था र पदपुर्ति

**४. पद सृजना :**

(क) क्याम्पसमा शिक्षक तथा कर्मचारी सम्बन्धि पदको सृजना र पद संख्या निर्धारण क्याम्पस सञ्चालक समितिले गर्नेछ । त्यसको अनुमोदन क्याम्पस सभाले गर्नुपर्नेछ ।

(ख) यसरी सृजना भएको पद दर्ता गरी अभिलेखिकरण गरिनेछ ।

(ग) पद रिक्त नभई शिक्षक तथा कर्मचारी भर्ना गर्न पाइने छैन् । तर यो व्यवस्थाले कक्षाभारको आधारमा आवश्यकता र औचित्यतालाई विचार गरी तोकिएको कक्षाभार लिने र कक्षाभारको आधारमा पारिश्रमिक पाउने गरी आंशिक, करार तथा ज्यालादारीमा शिक्षक र कर्मचारी नियुक्तिमा बाधा पुऱ्याएको मानिने छैन् ।

## ५. पद विभाजन :

क्याम्पस सेवाको पद विभाजन देहायअनुसार हुनेछ :

(क) शिक्षकतर्फ :

- क. प्राध्यापक (Professor)
- ख. सह-प्राध्यापक (Associate Prof.)
- ग. उप-प्राध्यापक (Lecturer)
- घ. शिक्षण सहायक (Teaching Assistant)
- ङ. प्रशिक्षक (Instructor)

(ख) कर्मचारी तर्फ :

- क. प्रशासक
- ख. उप प्रशासक
- ग. सहायक प्रशासक
- घ. लेखा अधिकृत
- ङ. हेड असिष्टेन्ट
- च. लेखापाल
- ☞छ. शैक्षिक व्यवस्थापन तथा सुचना प्रणाली इन्चार्ज
- ☞ज. प्रशासन सहायक (परीक्षा शाखा)
- झ. पुस्तकालय सहायक, ल्याब असिष्टेन्ट
- ञ[1]☞ञ. सवारी चालक
- ट. सहयोगी कर्मचारी
- ☞**ठ.** माली (बगैंचे)
- ☞ड. क्लिनर (सरसफाई कर्ता)

---

1

☞थपिएको

## ६. सेवा प्रवेशको योग्यता र श्रेणीक्रम :

(क) योग्यता र श्रेणीक्रम :

क्याम्पस शिक्षण सेवामा प्रवेश गर्न न्यूनतम योग्यता त्रि.वि. वा मान्यता प्राप्त विश्व विद्यालयबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह कम्तिमा द्वितीय श्रेणीमा उत्तिर्ण गरेको हुनु पर्नेछ । साथै विदेशी विश्वविद्यालयबाट उत्तीर्णले समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ भने कर्मचारीको हकमा सहायक प्रशासक वा सोभन्दा मुनिका पदहरूका लागि तोकिएअनुसारको योग्यता हुनुपर्नेछ भने उल्लेखित पद भन्दा माथिका पदहरू उपप्रशासक, प्रशासक आन्तरिक बढुवाबाट हुनेछ । क्याम्पसमा स्थायी सेवाको लागि नेपाली नागरिक हुन अनिवार्य छ । साथै शिक्षक तथा कर्मचारीहरूको श्रेणीक्रम वा वरिष्ठता क्रमलाई निम्नानुसार मानिनेछ ।

(अ) समान पदमा स्थायी प्राप्त शिक्षक वा कर्मचारीले स्थायी नियुक्ति पाएका मितिका आधारमा वरिष्ठता क्रममा अगाडी मानिनेछ ।

(आ) अस्थायी वा करार सेवामा नियुक्तिप्राप्त व्यक्ति समान पदमा स्थायी सेवामा नियुक्त व्यक्तिभन्दा पछाडिको क्रममा हुनेछ ।

(इ) स्थायी सेवा भएपनि अस्थायी करार सेवामा रहेका व्यक्तिपनि स्थायीभन्दा माथिल्लो पदमा भए श्रेणी क्रममा अगाडी हुनेछ ।

(ई) एउटै मितिमा समान पदमा नियुक्ति भएका भए स्थायी मिति वा क्याम्पस प्रवेश मितिलाई लिईनेछ । सो नभएमा व्यञ्जन वर्ण अनुसार वर्णानुक्रमका आधारमा श्रेणीक्रम राखिनेछ ।

(ख) उमेर

क्याम्पसको स्थायी सेवामा प्रवेशका निमित्त प्राध्यापक तथा कर्मचारीका लागि बढीमा [♣]४० वर्षको उमेर हदकायम गरिएको छ तर सेवा प्रवेश गरिसकेकाबाट स्थायी हुन यो उमेर हद लागु हुनेछैन् ।

---

[♣]संशोधन गरिएको

७. **छनौट तथा पदपूर्ति गर्ने तरिका**

(क) सेवामा स्वीकृत दरबन्दीमा रिक्त रहेका पदहरू खुला प्रतियोगिताद्वारा शिक्षक तथा कर्मचारीको शैक्षिक योग्यता, कार्य क्षमता समेतको मूल्याङ्कनबाट गरिनेछ । साथै बढुवाद्वारा पुर्ति गरिने पदहरूको कार्यसम्पादन मूल्याङ्कनको आधारमा सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ । उपरोक्त कार्य नियम ९ को छनौट/पदपुर्ति उप-समिति/क्याम्पस सेवा आयोगले गर्ने छ भने छनौट तथापदपुर्ति उप-समिति/क्याम्पस सेवा आयोगले गरेका निर्णय सञ्चालक समितिद्वारा अनुमोदन गराउनु पर्ने छ । पदस्थापना तथा रिक्त नभएसम्म बढुवा वा खुल्ला नियुक्ती गर्न पाइने छैन ।

(ख) नेपाल सरकारको विभिन्न संघ संस्थामा कार्यरत स्थायी वा अस्थायी व्यक्तिलाई यस क्याम्पसमा नियुक्ति गर्नुपरेमा फरक समय पारी करार सेवामा गर्न यस नियमावलीले खासै बाधा गर्ने छैन । ☞यसरी नियुक्ती प्राप्त प्राध्यापकको भुक्तानी दैनिक हाजिरी बेसिसको आधारमा मात्र गरिनेछ तर अवकाश प्राप्त व्यक्ति भएमा चालु शैक्षिक सत्रको लागि प्रशासनिक पदभन्दा बाहेकका अन्य पदहरूमा करारमा नियुक्ति गर्न सकिनेछ । यसरी नियुक्ति प्राप्त व्यक्तिले पद अनुसारको पारिश्रमिक पाउने छन् । कार्यसम्पादन मूल्याङ्कनको आधारमा करार म्याद थप गर्ने/नगर्ने निर्णय छनौट तथा पदपूर्ति उपसमितिको सिफारिसको आधारमा क्याम्पस संचालक समितिले गर्नेछ ।

(ग) विश्वविद्यालयमा वा अन्य क्याम्पसमा कार्यरत कुनै तहको प्राध्यापक केही अवधिका लागि काममा आउन चाहेमा क्याम्पसको आवश्यकता र अवस्थालाई हेरी प्रशासनिक पदभन्दा बाहेक काजमा आउन सञ्चालक समितिले निर्णय गरी सहमतिदिन सक्नेछ । यस अवस्थामा निज प्राध्यापकको पारिश्रमिक भुक्तानी यस क्याम्पसबाट गरिने छैन ।

(घ) रिक्त रहेको दरबन्दी भएमा उपप्राध्यापक पदका लागि शिक्षण सहायक वा आंशिक प्राध्यापकपदमा कम्तिमा २ वर्ष करार भै कार्य गरेको शिक्षकलाई आन्तरीक विज्ञापन गरी आवश्यक प्रकृया पुरा गरी छनौट तथा पदपुर्ति उपसमितिको सिफारिसमा संचालक समितिले उपप्राध्यापक पदमा पदोन्नति गर्न पनि सक्नेछ । यसरी बढुवा नियुक्ती गर्दा कार्यसम्पादन मुल्याङ्कन फारमलाई मुख्यआधार मान्नुपर्दछ । यसरी

---

☞थपिएको

पदोन्नती हुन कम्तीमा दुईवटा समकक्षी समिक्षा (Peer Review) वा ISSN र eISSN जर्नलमा लेख प्रकाशन गरेको हुनुपर्नेछ । साथै खुल्ला विज्ञापनबाट शिक्षक नियुक्ति गर्दा उपप्राध्यापक पदको अस्थायी नियुक्ति गरिनेछ । जसको लागि समकक्षी समिक्षा (Peer Review) वा ISSN र eISSN जर्नलमा लेख प्रकाशन गरेको तथा एम.फिल. र पि.एच.डी.लाई विशेष प्राथमिकता दिइनेछ । तर अध्यापन गर्ने घण्टी चार (प्रमाण-पत्रको विषयसंग सम्वन्धित) नपुगेको अवस्थामा यसरी पदपुर्ति गरिने छैन । विशिष्ट श्रेणी उत्तिर्ण गरेका वा विद्यावारिधि हासिल गरेको वा क्याम्पस सञ्चालनमा गरिएको नयाँ वा विशेष कार्यक्रमलाई शिक्षकहरू नियुक्त गर्नुपर्ने अवस्थाका व्यक्तिलाई आवश्यक परेमा विशेष व्यवस्था गर्न सकिनेछ । उपरोक्त कार्य नियम ९ को पदपुर्ति समितिले गर्नेछ भने पदपुर्ति समितिले गरेको निर्णय सञ्चालक समितिद्वारा अनुमोदन गराउनुपर्नेछ ।

(ङ) उपप्राध्यापक पदमा अस्थायी नियुक्ती भै निरन्तर ५ वर्ष सेवा अवधि पुरा गरेको शिक्षकलाई छनौट तथा पदपुर्ति उपसमितिको सिफारिसको आधारमा संचालक समितिले निर्णय गरी स्थायी सेवाको नियुक्ती दिन सक्ने छ ।[☞]शिक्षणतर्फ उपप्राध्यापकभन्दा तल्लो पदमा स्थायी नियुक्ती गरिने छैन । यसरी स्थायी नियुक्तीको निमित्त सिफारिस गर्दा प्रमाणपत्रको विषयसँग सम्बन्धित कम्तीमा ४ वटा घण्टी उपलब्ध हुनु पर्नेछ । अन्य अवस्थामा कुनैपनि शिक्षकलाई स्थायी नियुक्ती गरिने छैन । यसरी बढुवा नियुक्ती गर्दा कार्यसम्पादन मुल्याङ्कन फारमलाई मुख्य आधार मान्नु पर्दछ । साथै स्थायी नियुक्ति लिने प्राध्यापकले कम्तिमा पनि समकक्षी समिक्षा (Peer Review) वा ISSN र eISSN जर्नलमा नियमिति लेख प्रकाशन गरिरहेको हुनुपर्दछ । साथै एम.फिल. तथा पि.एच.डी. गरेकोलाई विशेष प्राथमिकता दिइनेछ । उपप्राध्यापक पदमा स्थायी भै निरन्तर ५ वर्ष सेवाअवधि पुरा गरेको शिक्षकलाई छनौट तथा पदपुर्ति उपसमितिले आवश्यक प्रकृया पुरा गरी सहप्राध्यापक पदमा पदोन्नति गर्न सक्नेछ । तर विद्यावारीधि गरेको व्यक्तिलाई उपप्राध्यापक समेत भै ३ वर्ष सेवा पुरा गरेपछि सहप्राध्यापक पदमा प्रतिस्पर्धा गर्न योग्य मानिनेछ । साथै सम्बन्धित विषयमा

---

[☞]थपिएको

विशिष्टता प्राप्त व्यक्ति क्याम्पसलाई आवश्यक छ भन्ने लागेमा क्याम्पस सञ्चालक समितिले आवश्यक प्रकृया पुरा गरी नियुक्ति गर्न उपरोक्त अवधिले बाधा गर्ने छैन् । तर सह-प्राध्यापक हुनका लागि सम्बन्धन प्राप्त विश्वविद्यालयको मापदण्ड अनुसारको प्राज्ञिक कार्यहरू गरेको हुनुपर्नेछ ।

(च) विद्यावारिधि गरी सह प्राध्यापक पदमा कम्तिमा ३ वर्ष कार्यरत प्राज्ञिक विशिष्टता हासिल गरेको वा सह प्राध्यापक पदमा कम्तिमा ५ वर्ष कार्यरत व्यक्तिलाई पदपुर्ति समितिका सिफारिसमा संचालक समितिले प्राध्यापक पदमा पदोन्नति गर्न सक्नेछ । तर प्राध्यापक हुनका लागि सम्बन्धन प्राप्त विश्वविद्यालयको मापदण्ड अनुसारको प्राज्ञिक कार्यहरू गरेको हुनुपर्नेछ । यसरी बढुवा नियुक्ती गर्दा कार्यसम्पादन मूल्याङ्कन फारमलाई मुख्य आधार मान्नु पर्दछ ।

(छ) कर्मचारीतर्फ छनौट तथा पदपूर्ति उप-समितिद्वारा सृर्जना भई क्याम्पस सञ्चालक समितिबाट अनुमोदन गरिएका पदहरूमा आवश्यक प्रकृया पुरा गरी स्थायी, अस्थायी वा करार सेवामा पदपुर्ति गरिने छ । खुल्ला प्रतिस्पर्धाबाट कर्मचारी नियुक्ती गर्दा प्राय: अस्थायी दरबन्दीमा पनि गर्न सकिने छ र उक्त दरबन्दीमा ५ वर्ष कार्यरत पश्चात निज कर्मचारीलाई कार्यसम्पादन मुल्याङ्कनको आधारमा छनौट तथा पदपूर्ति समितिको सिफारिसमा संचालक समितिले निर्णय गरी स्याथी नियुक्ती दिन सक्नेछ । करार तथा आंशिक सेवामा कार्यरत कर्मचारीको हकमा पनि अस्याथी नियुक्ती पाएको ५ वर्ष सेवाअवधि पूरा गरेपछि उपरोक्त विवरण अनुसार बढुवा गरिनेछ । ☞यसरी बढुवा नियुक्ती गर्दा कार्यसम्पादन मुल्याङ्कन फारमलाई मुख्य आधार मान्नु पर्दछ ।

---

☞थपिएको

## ८. नियुक्ति र बढुवाका लागि उम्मेदवार हुन आवश्यक पर्ने योग्यता

(क) क्याम्पस सेवाको शिक्षक तथा कर्मचारी पदमा नियुक्ति र बढुवाको उम्मेदवार हुन चाहिने न्यूनतम् योग्यता सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ र यसरी निर्धारण गर्दा सञ्चालक समितिले सम्बन्धन प्रदान गर्ने विश्वविद्यालयको मापदण्डलाई आधार मान्नुपर्ने छ ।

(ख) क्याम्पस सेवाको पदमा शिक्षक तथा कर्मचारीको नियुक्ति र बढुवाका लागि सिफारिस गर्दा छनौट तथा पदपूर्ति उप-समितिले सञ्चालक समितिद्वारा तोकिएको बढुवाका आधार र कार्यसम्पादन मूल्यांकनका आधारमा गर्नेछ ।

## ९. क्याम्पस सेवाआयोग

क्याम्पसमा रिक्त रहेका कुनै दरबन्दीको पदपुर्ति गर्न क्याम्पस सञ्चालक समितिको सिफारिसमा १ संयोजक र १ विषय विज्ञ सदस्य तथा क्याम्पस प्रमुख पदेन सदस्य सचिव रहने गरी बढीमा ५ सदस्यीय क्याम्पस सेवा आयोग गठन गर्नेछ ।

## १०. क्याम्पस सेवाआयोगको काम, कर्तव्य र अधिकार :

क्याम्पस सेवाको पदपुर्तिका लागि समितिलाई देहाय बमोजिम अधिकार हुनेछ :

(क) क्याम्पस सेवामा शिक्षक र कर्मचारीको नियुक्ति तथा बढुवाको लागि निर्णय गरी समितिमा सिफारिस गर्ने ।

(ख) क्याम्पस शिक्षक तथा कर्मचारीको सेवा शर्तसम्बन्धी कानूनको विषयमा सञ्चालक समितिलाई सल्लाह र सुझाव दिने ।

(ग) क्याम्पस सेवाको परीक्षामा सम्मिलित हुन चाहने उमेदवारको शैक्षिक योग्यता तथा बढुवाको आवश्यक शर्तहरू निर्धारण गर्ने ।

(घ) क्याम्पस सेवामा शिक्षक र कर्मचारीको नियुक्ति तथा बढुवाको लागि परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षा सञ्चालन गर्ने ।

(ङ) छनौट तथा पदपुर्ति समितिको कार्यक्षेत्र भित्र पर्ने विषयमा निरीक्षण वा जाँचबुझ गर्ने ।

(च) शिक्षक तथा कर्मचारीहरूको वृत्ति, विकास वा क्षमता, दक्षता वृद्धि गराउने विषयमा क्याम्पस सञ्चालक समितिले मागेको सुझावहरू दिने ।

(छ) क्याम्पससँग सम्बन्धित कानुन बमोजिम तोकिएको अन्य कार्यहरू गर्ने ।

(ज) छनौट गर्दा आवश्यकताअनुसार सम्बन्धित विषयका विषय विशेषज्ञहरू अनिवार्य रुपमा व्यवस्था गर्ने ।

(झ) शिक्षक छनौटमा सम्बन्धित विभागको विभागीय प्रमुखलाई पनि छनौट प्रकृयामा आमन्त्रित गर्ने ।

(ञ) विषय विज्ञलाई समितिको सदस्य पदमा मनोनयन गर्ने । तर निजको तोकिएको काम सकिएपछि स्वतःउक्त सदस्यको पद रिक्त रहेको मानिनेछ ।

(ट) मूल्यांकन प्रक्रियामा समितिका ३ जना व्यक्तिबाहेक समितिले आवश्यक ठानेमा विभागिय प्रमुख वा अन्यलाई सहभागि गराउन सकिनेछ ।

## ११. नियुक्तिको व्यवस्था :

क्याम्पसको सेवामा शिक्षक तथा कर्मचारी नियुक्ति र बढुवा छनौट तथा पदपूर्ति उप-समिति तथा क्याम्पस सेवा आयोगको सिफारिसमा सञ्चालक समितिले गर्नेछ । सेवा आयोगको सिफारिसलाई सञ्चालक समितिले अनुमोदन गरेपछि मात्र लागु हुनेछ ।

## १२. परीक्षणकाल :

(क) खुल्ला विज्ञापनद्वारा पदपुर्ति गरिएकोमा अस्थायी नियुक्ति दिँदा १ वर्षको परिक्षणकाल रहने गरी दिइने छ । निजको कार्य सम्पादन सन्तोषजनक देखिएमा १ वर्ष पुगेपछि परीक्षण काल हटाईनेछ । सन्तोष जनक नदेखिएमा क्याम्पस प्रमुख तथा क्याम्पस सेवाआयोगको सिफारिसमा सञ्चालक समितिबाट निजको नियुक्ति रद्द गरिनेछ । यसरी नियुक्ति रद्द भएकोमा बाहेक १ वर्षको परिक्षणकाल पुरा गरेका शिक्षक तथा कर्मचारीको परीक्षणकाल पुरा भएपछि पुर्व नियुक्ति नै स्वतः सदर मानिनेछ ।

(ख) पदावधि गणना गरिने : परीक्षणकालमा रही नियुक्ति सदर भएमा सो परीक्षणकालको अवधिलाई पनि प्रत्येक आर्थिक वर्षमा थप गरिने ग्रेड बृद्धि तथा अन्य प्रयोजनका लागि गणना गरिनेछ ।

## १३. पद रित्त हुने अवस्था

क्याम्पसका पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूको देहायको अवस्थामा पद रित्त हुनेछ :

(क) लिखित राजिनामा दिई सञ्चालक समितिबाट स्वीकृत भएमा ।

(ख) मृत्यु भएमा ।

(ग) पाएको जिम्मेवारी प्रभावकारी रुपमा सम्पादन गर्न नसकेमा ।

(घ) क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, कार्यक्रम संयोजक र शिक्षण विभागको प्रमुखको हकमा निजहरूको तोकिएको पदावधि समाप्त भएमा त्यस्तो अवस्थामा शैक्षिक पद भने कायम रहनेछ ।

(ङ) होस ठेगानामा नरही बहुलाएको प्रमाणित भएमा ।

(च) नैतिक पतन देखिने गंभिर प्रकृतिको फौजदारी अभियोगमा सजाय पाएमा ।

(छ) क्याम्पसमा अध्ययन भइरहेका विषयमा विद्यार्थी नभई विषय समेत खारेज भएमा सम्बन्धित विषयका शिक्षकलाई वैकल्पिक कार्यमा लगाउने र वैकल्पिक व्यवस्था हुन नसकेमा सम्मानजनक विदाई गरिनेछ ।

(ज) आफ्नो पदको दायित्व निर्वाह नगरेको वा क्याम्पसको हित विपरीत आचरण ठहर्याई सञ्चालक समितिको बैठकबाट हटाईएमा । तर यसरी हटाउदा निजलाई आफ्नो पदको सफाइ सवुद पेश गर्ने कम्तिमा ३५ दिनको म्याद दिनुपर्नेछ र सञ्चालक समितिको निर्णय अन्तिम हुनेछ ।

(झ) राजनैतिक अभियोगमा बाहेक सार्वजनिक सुरक्षा ऐन अन्तरगत थुनामा रहेमा निजलाई सो अवधिभरका लागि निलम्वित भएको मानिनेछ । थुनाबाट मुक्त भएपछि निज आफ्नो पदमा बहाल रहने छन् ।

(ञ) प्राध्यापक तथा कर्मचारी दुवैको हकमा ५८ वर्ष पुगेपछि स्वत: अवकास हुनेछ ।

## १४. निमित्त भई काम गर्ने र कायममुकायम

क्याम्पस प्रमुख कुनै कारणले ३० दिनभन्दा कम अवधिका लागि विदामा बस्नु परेमा सहायक क्याम्पस प्रमुखहरू मध्येबाट कुनै १ जना सहायक क्याम्पस प्रमुखलाई निमित्त दिई दैनिक कार्य सञ्चालन गर्नु पर्नेछ । क्याम्पस प्रमुख ३० दिनभन्दा बढी समयसम्म विदामा बस्नु पर्ने भएमा सञ्चालक समितिले निमित्त भइ कार्य गर्नेलाई आवश्यकताअनुसार क्याम्पस प्रमुखले प्रयोग गर्न

पाउने आर्थिक अधिकार पनि सुम्पन सक्नेछ । यस्तो अवस्थामा नियमले सोही पद अनुसारको सुविधा प्राप्त गर्नेछ । तर ३० दिनभन्दा कम अवधिका लागि अतिरिक्त सुविधा दिइनेछैन् । ३० दिनभन्दा बढी अनुपस्थित रहने क्याम्पस प्रमुखलाई अतिरिक्त भत्ता दिईने छैन् ।

**१५. पदाधिकार कायम रहने**

राजीनामा स्वीकृत भएमा, बर्खास्त भएमा वा निजले अवकास पाएमा, बढुवा भएमा बाहेक देहायका अवस्थामा हरेक पदाधिकारी, शिक्षक तथा कर्मचारीको पदाधिकार कायम रहनेछ :

(क) पद वा कामकाजमा रहिरहदासम्म ।

(ख) विदामा बसेको अवधि ।

(ग) निलम्बन रहेको अवधि ।

(घ) काजमा खटिएको अवधि ।

(ङ) कायम मुकायम मुकरर भएको अवधि ।

(च) अर्को पदमा सरुवा, बढुवा भै कार्यभार नसमाल्दासम्मको अवधि ।

## परिच्छेद - ३
## सेवाको सूरक्षा

**१६. सेवाको सुरक्षा**

शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षाको प्रत्याभूत हुनेछ । देहायका कुनै अवस्थामा बाहेक अन्य अवस्थामा शिक्षक तथा कर्मचारीलाई सफाईको मौका नदिने गरी क्याम्पस सेवाबाट हटाइने वा वर्खास्त गरिने छैन् :

(क) विना सूचना ९० दिनभन्दा बढी वेपत्ता भएको वा अन्य कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको अवस्थामा ।

(ख) नैतिक पतन देखिने फौजदारी मुद्दामा अदालतबाट दोषी प्रमाणित भई सजाय पाएमा ।

(ग) अस्थायी वा करार सेवामा रहेका शिक्षक कर्मचारीको म्याद थप नभएमा ।

(घ) आचारण सम्बन्धि नियम उल्लङ्घन गरेमा ।

(ङ) पाएको जिम्मेवारी प्रभावकारी रूपमा सम्पादन गर्न नसकेमा ।

## १७. सेवाशर्त सम्बन्धमा

कुनैपनि शिक्षक तथा कर्मचारीलाई निजको नियुक्ती बढुवा हुँदा तत्काल लागु रहेको तलब, ग्रेड, उपदान सम्बन्धी शर्तमा निजलाई प्रतिकुल असर पर्ने गरी परिवर्तन गरिने छैन । स्थायी शिक्षकको अध्यापन घण्टी ४ बाट घटेर ३ सम्म आएमा निजको सेवा, सुविधा तथा पदमा पनि कुनै परिवर्तन गरिने छैन । साथै स्थायी शिक्षकको प्राध्यापन गर्ने विषयको घण्टी ३ भन्दा न्यून भएमा निजले खाईपाई आएको फुल स्केललाई ४ ले भाग गरि आएको रकमलाई प्रतिघण्टी पारिश्रमिक मानेर निजले पढाएको घण्टीको आधारमा पारिश्रमिक उपलब्ध गराइनेछ । यस अवस्थामा निज शिक्षकको ग्रेड कायम रहने र पुन: उक्त विषयको घण्टी नियमअनुसार भएमा निज शिक्षकलाई यथा स्थानमा बाहली गर्न सकिनेछ । ग्रेडको हकमा पनि प्राप्त ग्रेडलाई ४ ले भाग गरी प्रति घण्टी अनुसार ग्रेड कायम गरिनेछ । यस अवस्थामा निज शिक्षकले अवकाश लिन चाहेमा वा सेवाबाट हटाइएमा दफा ४७ अनुसार सुविधा दिईनेछ ।

# परिच्छेद - ४
# काज सम्बन्धमा

## १८. काजमा खटाउन सक्ने

(क) क्याम्पसको नियमित कार्यक्रममा बाधा नपुग्ने भएमा मात्र कुनै प्राध्यापक तथा कर्मचारीलाई क्याम्पसले विश्वविद्यालय वा राष्ट्रिय परीक्षा बोर्ड वा सोभन्दा बाहिरको कुनै सरकारी वा गैर सरकारी कार्यालयमा काजमा पठाउन सक्नेछ ।

(ख) उपनियम (क) बमोजिम त्रि.वि., अन्य विश्वविद्यालय वा राष्ट्रिय परीक्षा बोर्डद्वारा सञ्चालित परीक्षाको लागि काजमा पठाउँदा भने स्थायी वा अस्थायी सेवामा कार्यरत प्राध्यपकलाई मात्र पठाउन सकिनेछ । त्यस्ता प्राध्यापकलाई १ महिनाभन्दा बढीको अवधिको लागि पठाईने छैन् र यसरी पठाउँदा सम्बन्धित निकायद्वारा भत्ता लिने गरी तलबी विदा दिईनेछ ।

(ग) काजमा पठाउनको लागि १ महिनासम्मको लागि क्याम्पस प्रमुख र सोभन्दा बढी समयको लागि सञ्चालक समितिको निर्णयअनुसार काजमा खटाउन सकिन्छ ।

(घ) उपदफा (ख) बमोजिम काजमा खटिएका शिक्षक वा कर्मचारीले काजसँग सम्बन्धित विषयको प्रतिवेदन ७ दिनभित्र क्याम्पस प्रमुखलाई बुझाउनु पर्नेछ ।

## परिच्छेद - ५

## विदा सम्बन्धी व्यवस्था

### १९. विदाका प्रकार

क्याम्पसको आफ्नो अवस्था हेरी क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई विभिन्न किसिमका विदाहरू दिन सकिनेछ। तर बिदा अधिकार नभै सुविधा हो भन्ने बुझ्नुपर्दछ। दिईने विदाहरूमा :

विरामी विदा, भैपरी विदा, क्रिया विदा, पर्व विदा, प्रसुति विदा र प्रसुति सेवा विदा, अध्ययन विदा, स्वाध्ययन विदा, घर विदा, वेतलबी विदा रहेका छन्।

### २०. विरामी विदा

(क) शिक्षक तथा कर्मचारीलाई १ वर्षको सेवाको लागि १५ दिनको पुरा तलबी वा ३० दिनको आधा तलबी विदा दिईनेछ। तर ७ दिनभन्दा बढी अवधिको बिरामी विदा लिन परेमा स्वीकृत गर्ने अधिकारीले चिकित्सकको प्रमाणपत्र पेश गर्न लगाउन सक्नेछ।

(ख) शिक्षक तथा कर्मचारीको बिरामी विदा सञ्चित हुन सक्नेछ।

(ग) शिक्षक तथा कर्मचारीको संचित बिरामी विदा ९० दिनभन्दा बढी पुगेमा सम्बन्धित आ.व.को अन्त्यमा बढी विदाको तलब स्केल अनुसार भुक्तानी पाउनेछन्।

(घ) सेवामा बहाल रहदाँ कुनै शिक्षक वा कर्मचारीको मृत्यु भएमा निजको सञ्चित बिरामी विदाको रकम मृत्यु हुदाँको अवस्थाको तलबको दरले हुन आउने निजको हकवालालाई दिईनेछ।

(ङ) कुनै कडा रोग लागि लामो समयसम्म उपचार गर्नुपर्ने भई सञ्चित विरामी विदा तथा घर विदाबाट नपुग भएमा पछि कट्टी हुने गरी ३० दिनसम्मका लागि पेश्की विदा दिन सकिनेछ।

☞(च) यो विदा स्थायी वा अस्थायी प्राध्यापक तथा कर्मचारीहरूले मात्र पाउने छन्।

---

☞थपिएको

## २१. भैपरी विदा

शिक्षक तथा कर्मचारीहरूले १ वर्षमा ९ दिन भैपरी आउने विदा पाउनेछन् । आकस्मिक अवस्था परेकोमा बाहेक स्वीकृत नगराई भैपरी विदा पाईने छैन् र यो विदा सञ्चित हुनेछैन् ।

## २२. क्रिया विदा

क्याम्पसका पदाधिकारी, शिक्षक तथा कर्मचारीका आमा, बुवा, श्रीमान वा श्रीमती एकाघरका छोरा, बुहारी वा अविवाहित छोरी मरेमा वा आफै क्रिया बस्नु पर्ने भएमा कुलधर्म हेरी बढीमा १५ दिन पूरा तलबी क्रिया विदा दिइनेछ । महिला शिक्षक वा कर्मचारीको श्रीमान् आफै क्रिया बस्नु पर्ने भएमा निजलाई पनि सोही अनुसारको विदा दिइनेछ ।

## २३. पर्व विदा

शिक्षक वा कर्मचारीले वर्षभरीमा ६ दिनसम्म पर्व विदा पाउनेछन् । पर्व विदा संचित हुने छैन ।

## २४. प्रसुति र प्रसुति सेवा विदा

क्याम्पसमा कार्यरत महिला पदाधिकारी, शिक्षक तथा कर्मचारी गर्भवती भएमा सुत्केरी अघिपछि गरी ६० दिन सुत्केरी विदा पाउनेछन् । त्यस अवधिको पुरा तलब दिईनेछ तर सुत्केरी विदा २ पटकसम्म सन्तान जन्माउनेका लागि मात्र प्राप्त हुनेछ । वहालवाला पुरुष शिक्षक तथा कर्मचारीको श्रीमती सुत्केरी भएमा २ पटकका लागि ७ दिनका दरले सुत्केरी स्याहार दिईनेछ । यो विदा स्थायी वा अस्थायी प्राध्यापक तथा कर्मचारीहरूले मात्र पाउने छन् ।

## २५. अध्ययन विदा

क्याम्पसमा कार्यरत कुनै प्राध्यापक तथा कर्मचारीले कम्तीमा ५ वर्षसम्म अविछिन्न स्थायी सेवा गरिसकेपछि क्याम्पसलाई आवश्यक पर्ने विषयको अध्ययन गर्न जानु पर्ने भएमा बढीमा ३ वर्षसम्मका लागि तलबी अध्ययन विदा दिन सकिनेछ । विदा बस्ने शिक्षक कर्मचारीले ३ महिना अगाडीदेखि आवेदन दिई विदा स्वीकृत गराउनुपर्नेछ । अध्ययन विदा उपयोग गरी क्याम्पसबाट तोकिएको सुविधा लिइसकेको शिक्षक वा कर्मचारीले कम्तिमा ५ वर्षसम्म

क्याम्पसमा सेवा गर्नुपर्दछ । यदी सो नगरेमा अध्ययन अवधिमा क्याम्पसबाट प्राप्त सुविधा क्याम्पसले नियमानुसार असुलउपर गर्नेछ । तर क्याम्पसको आर्थिक अवस्था कमजोर नभएमा क्याम्पस सञ्चालक समितिको निर्णयले एक मुष्ठ आर्थिक सहयोग गर्न सक्नेछ । यो विदा स्थायी प्राध्यापक तथा कर्मचारीहरूले मात्र पाउने छन् ।

## २६. स्वअध्ययन विदा

स्थायी सेवामा रहेको वा अध्ययनवा वेतलबी विदा उपभोग गरिसकेको मितिबाट ५ वर्षसम्म लगातार सेवा गरिसकेका शिक्षकलाई क्याम्पसको काममा बाधा नपर्ने भएमा, अनुसन्धान कार्यमा लाग्न वा आफ्नो योग्यता बढाउन वा पाठ्यपुस्तक लेख्न वा अन्य तोकिएको शैक्षिक वा प्राज्ञिक काम गर्न १ वर्षको स्वअध्ययन विदा क्याम्पस सञ्चालक समितिको स्वीकृतिमा दिइनेछ । यस्तो विदा स्वीकृत गराउनु भन्दा अगाडी सम्बन्धित शिक्षकले अनुसन्धान कार्य वा योग्यता बढाउने कार्य वा पाठ्यपुस्तक लेखन वा तोकिएको काम गर्ने विवरण क्याम्पस प्रमुखमार्फत सञ्चालक समिति समक्ष प्रस्तुत गर्नु पर्दछ । त्यस अवधिको ग्रेडलाई कायमै राखिनेछ र निजले पेश गरेको प्राज्ञिक तथा अनुसन्धान कार्यको लागि गरेको कार्यको विवरण प्रस्तुत गरेमा क्याम्पस सञ्चालक समितिको निर्णयले पटके सहायता गर्न सक्नेछ ।

## २७. घर विदा

क्याम्पसमा कार्यरत प्रशासनिक प्राध्यापक (क्याम्पस प्रमुख र सहायकक्याम्पस प्रमुख) एवम् स्थायी कर्मचारीले शितकालिन तथा ग्रिष्मकालिन विदाको समयमा सेवा गरे वापत वार्षिक ३० दिन घर विदा पाउने छन् । घर विदा लिदाँ पहिले नै विदा स्वीकृत गराई विदा वस्नु पर्नेछ । विदा लिई बाँकी विदाको भुक्तानी सोही वर्षको अन्तमा भुक्तानी गरिनेछ । घर विदा सञ्चित गर्न चाहेमा बढीमा ९० दिनसम्म संचित हुन सक्नेछ । ९० दिनभन्दा बढी संचित रहेको घर विदावापत सम्बन्धित शिक्षक वा कर्मचारीले खाइपाइ आएको तलबको दरले १ वर्षमा ३० दिन नबढाई आर्थिक वर्षको अन्तिममा विदा बराबरको तलब भुक्तानी दिईनेछ । सेवा अवधिभित्र कुनै कर्मचारी वा शिक्षकको मृत्यु भएमा निजको संचित रहेको घर विदाको रकम मृत्यु हुंदाको अवस्थामा तलबको दरले हुने रकम निजको हकवालालाई दिईनेछ ।

## २८. विशेष बेतलबी विदा

नेपाल सरकार वा सम्बन्धन प्रदान गर्ने विश्वविद्यालय वा सरकारी स्वामित्व रहेको संघ संस्थाहरूले यस क्याम्पसका स्थायी प्राध्यापक तथा कर्मचारीको सेवा आवश्यकता महसुस गरी माग गरेमा निजको पद कायम रहने गरी सम्बन्धित संघ संस्था वा कार्यालयबाट तलब भत्ता खाने गरी संचालक समितिको स्वीकृति लिई २ वर्षका लागि विदालिई जान सक्नेछन् । क्याम्पस सञ्चालक समितिमा उचित कारण सहित आवेदन गरी समितिलाई मनासिव लागेमा बढीमा २ वर्षलाई उक्त विदा थप गर्न सकिनेछ ।

## २९. विदा स्वीकृत गर्ने अधिकारी

क्याम्पस प्रमुखको हकमा सञ्चालक समिति र अन्य पदाधिकारी, शिक्षक तथा कर्मचारीको हकमा अन्यथा व्यवस्था भएकोमा बाहेक क्याम्पस प्रमुखलाई विदा स्वीकृत गर्ने अधिकारी हुनेछन् ।

# परिच्छेद ६

# तलब, भत्ता, दशैं खर्च, औषधी उपचार तथा अन्य सुविधा

## ३०. तलब भत्ता

क्याम्पसका पदाधिकारी, शिक्षक तथा कर्मचारीले सेवामा बहाल भएदेखि वहाली गरेको पदको तलब, भत्ता र अन्य सुविधा पाउनेछन् ।

## ३१. तलब स्केल

क्याम्पसको सेवामा नियुक्ति भएका शिक्षक तथा कर्मचारीले सेवामा रही काम गरे बापत पाउने तलबको स्केल, भत्ता र अन्य सुविधा सञ्चालक समितिले समय समयमा निर्णय गरे बमोजिम हुनेछ । यसरी निर्धारण गर्दा सम्बन्धन दिने विश्वविद्यालयको मापदण्डलाई आधार मानिनेछ ।

## ३२. ग्रेड वृद्धि

अन्यथा व्यवस्था भएकोमा बाहेक प्रत्येक स्थायी शिक्षक तथा कर्मचारीले वर्षको १ ग्रेड तलब बृद्धि पाउनेछन् । ग्रेड वृद्धि तथा ग्रेड दर त्रिभुवन विश्वविद्यालय तथा नेपाल सरकारको नियमानुसार हुनेछ ।

## ३३. तलबभत्ताको भुक्तानी

क्याम्पसको सेवामा रहेका शिक्षक तथा कर्मचारीले प्रत्येक महिना समाप्त भएको समान्य तया ३ दिन सम्ममा तलब भत्ताको भुक्तानी पाउनेछन् । कुनै शिक्षक तथा कर्मचारीले पकाइसकेको तलब भत्ता निज जुनसुकै कारणले सेवामा नरहे पनि प्राप्त गर्नेछ । तर आर्थिक हिनामिना गरी सेवाबाट अवकास प्राप्त गरेको अवस्थामा भने त्यस्तो तलब भत्ता हिनामिना भएको रकम असुल उपर नभएसम्म रोक्का गर्न सकिनेछ ।

## ३४. तलबकट्टा नगरिने

प्रचलित कानून र शिक्षक तथा कर्मचारीको सहमति बाहेक अन्य कुनै अवस्थामा निजले प्राप्त गर्ने तलब कटौति गरिने छैन् ।

## ३५. तलबी विदा बसेको वखत तलब रोक्का नगरिने

कुनै शिक्षक तथा कर्मचारी तलबी विदामा बसेको वखत निजले पाउने तलब कटौति गरिने छैन् ।

## ३६. दैनिक भ्रमण भत्ता

पदाधिकारी, शिक्षक तथा कर्मचारीले क्याम्पसको कामको सिलसिलामा भ्रमण गर्नुपर्दा पाउने दैनिक भ्रमण भत्ता समय समयमा सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ । जसको लागि यातायात, दैनिक भत्ता र होटल वास खर्च लगायतका रकमहरू दिनुपर्नेछ । सामान्यतया सम्बन्धन दिने विश्वविद्यालयले निर्धारण गरेको मापदण्डलाई आधार बनाउनुपर्दछ । नेपाल बाहिर भ्रमण गर्नुपर्दा दैनिक भत्ता एवम् होटल वास खर्च भारतको हकमा तोकिए अनुसार भारतीय रुपैयाँमा उपलब्ध गराईनेछ । तर अन्य मुलुकको हकमा सञ्चालक समितिको निर्णय बमोजिम हुनेछ । होटल वास खर्च एक पटकमा बढीमा सात दिनसम्मको लागि मात्र दिइनेछ ।

## ३७. निलम्बनमा परेको वखत तलबपाउने

कुनै शिक्षक तथा कर्मचारी यस नियमावलीबमोजिम कारवाहीको सिलसिलामा निलम्बन परेमा सो निलम्वन अवधि भर निजले आफ्नो तलबको आधा तलबप्राप्त गर्नेछन् । तर निजलाई लागेको आरोप प्रमाणित हुन नसकी सफाई प्राप्त गरेमा वृद्धि भएको तलब समेत जोडी पुरा तलबप्राप्त गर्नेछन् ।

## ३८. फौजदारी अभियोग लागि थुनामा परेमा स्वत:निलम्बन भएको मानिने

क्याम्पसको स्थायी सेवामा रहेको कुनै शिक्षक तथा कर्मचारी उपर फौजदारी अभियोग लागि निजथुनामा परेको अवधिभर स्वत:निलम्बन परेको मानिनेछ र यसरी निलम्बनमा परेको वखत निजले तलबप्राप्त गर्ने छैनन् । तर अभियोग सफाई पाएमा भने सफाई पाएको मितिदेखि तलब प्राप्त गर्ने छन् ।

## ३९. दशैं खर्च

क्याम्पस सेवामा रहेका शिक्षक तथा कर्मचारीले निजले खाइपाइ आएको एक महिनाको तलब बरावरको रकम प्रत्येक वर्ष दशै खर्चको रुपमा प्रदान गरिनेछ । तर यो सुविधा क्याम्पस सेवा अवधि कम्तिमा ६ महिना नपुगेका अस्थायी वा करार सेवाका शिक्षक तथा कर्मचारीले प्राप्त गर्ने छैनन् ।दशै खर्च १ महिना बराबरको पारिश्रमिक (भत्तावाहेक) उपलव्ध गराइनेछ । ☞कुनैपनि पूर्णकालिन पदमा दोस्रो पटक पनि करार म्याद थप भएको खण्डमा दशैं खर्च उपलब्ध गराउन सकिनेछ ।

## ४०. औषधि उपचार खर्च

क्याम्पसको सेवाअवधि भरमा शिक्षक तथा कर्मचारीले प्राप्त गर्ने औषधि उपचार खर्च सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ । यसरी निर्धारण गर्दा सम्बन्धन प्रदान गर्ने विश्वविद्यालयको मापदण्डलाई आधार मानिनेछ ।

---

☞थपिएको

**४१. क्याम्पस सेवापदकको व्यवस्था**

क्याम्पसबाट अनिवार्य अवकास प्राप्त गरेका वा कम्तीमा क्याम्पसमा २५ वर्ष सेवा गरेका शिक्षक तथा कर्मचारीलाई सञ्चालक समितिले तोके बमोजिम विभिन्न प्रकारका सेवापदक, प्रमाण पत्र र नगद पुरस्कार प्रदान गर्न सकिनेछ ।

**४२. अन्य सुविधा**

शिक्षक तथा कर्मचारीलाई सञ्चालक समितिको निर्णयअनुसार अन्य सुविधा प्रदान गर्न सकिनेछ ।

## परिच्छेद - ७
## अवकाश र उपदान

**४३. सेवा निवृत्त हुने वर्ष**

क्याम्पसको सेवामा रहेका प्राध्यापक ❦कर्मचारी ५८ वर्ष पुगेपछि अनिवार्य रूपमा सेवाबाट निवृत्त हुनेछन् । तर सञ्चालक समितिलाई निजको सेवा क्याम्पसमा आवश्यक छ भन्ने लागेमा १ पटकमा १ वर्षका दरले बढीमा ५ वर्षसम्म करारमा अवधिथप गर्न सकिनेछ ।

**४४. करार सेवामा काममा लगाउन सकिने**

विनियम ४३ बमोजिम अनिवार्य अवकास प्राप्त गरेको शिक्षक तथा कर्मचारीलाई आवश्यकता र औचित्य हेरी रिक्त पदमा करार सेवामा नियुक्त गर्न सकिनेछ । यसरी करारमा नियुक्ति भएको प्राध्यापक वा कर्मचारीलाई मासिक पारिश्रमिकभन्दा बाहेक अन्य सेवा सुविधा उपलब्ध गराइने छैन् ।

❦थपिएको

## ४५. स्वैच्छिक अवकास

१५ वर्षसम्म स्थायी सेवा गरिसकेका शिक्षक तथा कर्मचारीले निजको ईच्छा भएमा नियुक्ति गर्ने अधिकारीले स्वैच्छिक अवकास दिन सक्नेछन् ।

## ४६. सेवाअवधिको गणना

शिक्षक तथा कर्मचारीको सेवा अवधिको गणना गर्दा क्याम्पस सेवामा अस्थायी वा करार सेवामा रही अटुट सेवा गरी स्थायी भएको, स्थायी भइ सेवा गरेको परीक्षण कालको अवधि र क्याम्पस सेवामा प्रवेश पाउँदाको सेवाको अवधिलाई समेत गणना गरिनेछ ।

## ४७. अवकास सुविधा

क्याम्पसबाट स्थायी सेवा गरेका शिक्षक तथा कर्मचारीले अवकास लिएमा वा क्याम्पस सेवाको लागि भविष्यमा अयोग्य नठहरिने गरी सेवाबाट हटाइएमा आर्थिक नियमावलीको उपदफा १५ (झ) मा व्यवस्था भएबमोजिम अवकास सुविधा प्रदान गरिनेछ ।

## ४८. अवकास सुविधा सम्बन्धी कार्यविधि

(१) उमेरका कारण अनिवार्य अवकास पाउने शिक्षक तथा कर्मचारीले अवकास प्राप्त गर्नुभन्दा कम्तीमा ३ महिना अगाडी सञ्चालक समितिले निर्धारण गरेको ढाँचामा फारम भरी क्याम्पस प्रमुखलाई बुझाउनु पर्नेछ । स्वैच्छिक अवकास प्राप्त गर्ने वा अन्य कुनै कारण अवकास सुविधा प्राप्त गर्न सक्ने गरी सेवाबाट हटाईएका शिक्षक तथा कर्मचारीले अवकास पाएको मितिले ३ महिनाभित्र त्यस्तो फारम भरी क्याम्पस प्रमुखलाई बुझाउनुपर्ने छ ।

(२) विनियम ४८ (१) बमोजिमको फारम नभर्दै शिक्षकवाकर्मचारीको मृत्यु भएको रहेछ भने त्यस्तो मृत शिक्षक वा कर्मचारीले इच्छाएको व्यक्तिले र कसैलाई नईच्छाएको भए निजको परिवारका सदस्यमध्ये देहायकाक्रमअनुसार जो जीवित छ उसैले क्याम्पस कार्यालयमा समक्ष ५ महिनाभित्र फारम भरी बुझाउनु पर्नेछ ।

(क) संगोलको पति वा पत्नी

(ख) संगोलको छोरा वा अविवाहित छोरी

(ग) संगोलको धर्मपुत्र वा अविवाहिता धर्मपुत्री

(घ) संगोलका बाबुआमा वा छोरापट्टीका नाति

(ङ) भिन्न बसेका पति वा पत्नि

(च) भिन्न बसेको छोरा वा अविवाहिता छोरी

(छ) भिन्न बसेको धर्मपुत्र वा अविवाहित धर्मपुत्री

(ज) संगोलका बावु पट्टीका बाजे बज्यै, दाजुभाई, विधवा छोरी वुहारी र छोरा पट्टीका अविवाहिता नातिनी

(झ) विवाहिता छोरी वा विवाहिता धर्मपुत्री

(ञ) संगोलका अविवाहिता दिदी बहिनी

(ट) संगोलका भतिजा भतिजी, सौतेनी आमा, भिन्न बसेका छोरा पट्टीका नाति र अविवाहिता नातिनी

(ठ) संगोलका काका, विधवा काकी, भाउजु, भाइबुहारी, नातिनी बुहारी

(ड) भिन्न बसेका दाजुभाई

(ढ) विवहिता दिदी, बहिनी, भिन्न बसेका बाजे बज्यै विधवा छोरा बुहारी, नातिनी बुहारी र भतिजा

**स्पष्टिकरण :** एकै क्रममा एकभन्दा बढी नातेदारहरू तोकिएको भए सो क्रममा तोकिएको सबै नातेदारहरूको बराबर हिसाबमा उपदान प्राप्त गर्नेछन् ।

(३) यसरी माथि व्यवस्था भएबमोजिम फारम प्राप्त भएपछि क्याम्पस प्रशासनले आवश्यक जाँचबुझ गरी अवकाश प्राप्त गर्ने शिक्षक वा कर्मचारीको प्रदान गर्ने कारवाही अगाडी बढाउनेछ ।

(४) अवकास सुविधाको रकम रोक्का राख्न सकिने

बरवुझारथ गर्नुपर्ने शिक्षक वा कर्मचारीले बरबुझारथ नगरेसम्म अवकास सुविधाको रकम रोक्का राख्न सकिनेछ ।

## परिच्छेद ८

## सञ्चय कोष र सापटी सम्बन्धी व्यवस्था

**४९. सञ्चय कोषमा रकम जम्मा गरिने**

(१) क्याम्पसमा स्थायी सेवामा कार्यरत शिक्षक तथा कर्मचारीको अनिवार्य रूपमा क्याम्पस शिक्षक कर्मचारी सञ्चय कोषको सदस्य हुनेछन् । त्यस्ता सदस्यले पाउने मासिक तलबबाट १० प्रतिशतका दरले महिनैपिच्छे रकम कटाईनेछ र यसरी कटाइएको रकम सदस्यको नाउँमा सञ्चय कोषमा जम्मा गरिनेछ ।

**स्पष्टिकरण** : यस प्रयोजनका लागि तलब भन्नाले खास तलब र ग्रेड मात्रलाई जनाउनेछ ।

(२) सञ्चयकोषको लागि तलबबाट प्रत्येक सदस्यको जति रकम कटाइ जम्मा गरिन्छ सो वरावरको रकम क्याम्पसले पनि थपि दिनेछ ।

(३) प्रत्येक सदस्यको नाउँमा रहेको सञ्चयकोषमा जम्मा भएको रकम सञ्चालक समितिले निर्धारण गरे बमोजिम नेपालमा लगानी गर्न वा नेपालको कुनै बैंक वा वित्तिय संस्थामा राख्न सकिने छ ।

(४) उपदफा (३) अनुसार लगानी भएको आम्दानीबाट सञ्चालक समितिले तोके बमोजिम व्याज दिइनेछ ।

(५) क्याम्पस सेवाबाट अवकास लिने सञ्चय कोषका प्रत्येक सदस्यलाई निजको नाममा जम्मा भएको सम्पूर्ण रकम फिर्ता दिईनेछ ।

**५०. सापटी वा पेश्की दिन सकिने**

शिक्षक तथा कर्मचारीहरूलाई दिन सकिने सापटी वा पेश्की सम्बन्धी व्यवस्था सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद - ९
## आचरण

### ५१. आचारण पालना गर्नुपर्न

शिक्षक कर्मचारीले निम्नानुसार आचारणको पालना गर्नुपर्दछ :

### (क) समयपालना र नियमितता

शिक्षक तथा कर्मचारीले क्याम्पसले तोकिदिएको समयमा नियमिति रूपमा आफु कार्यरत रहेको निकायमा हाजिर हुनु पर्छ र यस विनियमको अधिनमा रही तोकिएको विदाका लागि तोकिए बमोजिम स्वीकृति नलिई काममा अनुपस्थिति हुनु हुदैन । पुर्णकालिन प्राध्यापकले पठन-पाठन संचालन अवधिभर क्याम्पसमा रहनु पर्नेछ भने कर्मचारीले संचालक समितिले निर्णय गरे बमोजिमको समयसम्म रही कार्य गर्नुपर्नेछ ।

### (ख) गोप्यता भंग गर्न नहुने

शिक्षक वा कर्मचारीले अख्तियारवालाको पूर्व स्वीकृति बेगर आफुले क्याम्पसमा कर्तव्य पालना गर्दा प्राप्त गरेको सूचना, कागजात वा जानकारी अनधिकृत व्यक्तिलाई दिन वा संचारको कुनै माध्यमबाट सूचित गर्नुहुदैन् ।

### (ग) राजनैतिक निर्वाचनमा उमेदवार बन्न नहुने

(१) शिक्षक वा कर्मचारीले कुनै पनि राजनैतिक दलको सदस्यता प्राप्त गरी वा नगरी केन्द्रिय, प्रान्तिय वा स्थानीय निकायको निर्वाचनमा उमेदवार बन्नु हुदैन । तर प्रचलित कानून बमोजिम बैठक, कार्यशाला, गोष्ठि, सम्मेलन, छलफलमा भागलिई आफ्नो विचार व्यक्त गरी प्राज्ञिक स्वतन्त्रता उपयोग गर्न यस विनियमले बाधा पुऱ्याएको मानिने छैन् ।

(२) कुनै शिक्षक वा कर्मचारीले राष्ट्रिय, प्रान्तिय वा स्थानीय निकायमा भाग लिन चाहेमा सेवाबाट राजिनामा गर्नुपर्ने पर्नेछ । तर यस विनियमले राजनैतिक निकाय, प्राध्यापक संघ वा कर्मचारी संघको वा कुनै वर्गिय हित वा एकताका लागि गठन भएका संस्था वा सामाजिक वा धार्मिक संस्था वा पेशागत संस्थामा कुनै पदमा उम्मेदवार हुन यस विनियमले बाधा पुऱ्याएको मानिने छैन् ।

**(घ) आफै निर्णय लिन नहुने**

अख्तियार पाएका कुनै पदाधिकारी वा शिक्षक, कर्मचारीले आफ्नो नाता पर्ने शिक्षक वा कर्मचारी वा व्यक्तिका बारेमा निर्णय लिनु हुदैन् ।

**स्पष्टिकरण :** यस विनियमको प्रयोजनका लागि नाता पर्ने कुनै शिक्षक वा कर्मचारी भन्नाले आफ्ना छोराछोरी, बुहारी वा ज्वाइ, सहोदर दाजुभाई र निजहरूका पति, पत्नी, आमाबावु सम्झनु पर्दछ ।

**(ङ) अन्य स्थानमा काम गर्न नहुने**

शिक्षक वा कर्मचारीले क्याम्पसको समयसीमा भित्र क्याम्पसको कामवाहेक कुनै प्रकारको अन्य रोजगारी सञ्चालक समितिले तोकेको पदाधिकारीको स्वीकृति वेगर गर्नु हुदैन ।

**(च) आफ्नो सेवार पद अनुसारको आचरण गर्नुपर्ने**

शिक्षक तथा कर्मचारीले क्याम्पस वा वाहिर आफ्नो बौद्धिक तथा प्राज्ञिक प्रतिष्ठा कायम रहने गरी आफ्नो आचरण तथा नैतिक शुद्ध, उच्च र पवित्र राख्नु पर्छ ।

**(छ) क्याम्पसलाई सहयोग गर्नुपर्ने**

विद्यार्थीलाई शैक्षिक, प्राज्ञिक तथा अनुसन्धान सम्बन्धि सल्लाह दिनु, क्याम्पसमा आइ परेका समस्य समाधानका लागि सहयोग गर्नु, पेशालाई मर्यादित र प्रतिष्ठित राख्न सहयोग गर्नु सबै पदाधिकारी, शिक्षक तथा कर्मचारीको कर्तव्य हुनेछ ।

**(ज) हानी नोक्सानी गर्न नहुने**

शिक्षक तथा कर्मचारीले क्याम्पसको कुनै सम्पतिहानी नोक्सानी गर्नु हुदैन ।

**(झ) भ्रष्ट्राचार गर्न नहुने**

शिक्षक तथा कर्मचारीले अनुचित कार्य भ्रष्ट्राचारजन्य कुनै कार्य गर्न गराउन हुदैन् ।

### (ञ) नियम कानून पालना

पदाधिकारी, शिक्षक तथा कर्मचारीले क्याम्पसको नियम कानूनको पालना गर्नु पर्नेछ ।

### (ट) उचित आदर व्यवहार देखाउनु पर्ने

पदाधिकारी, शिक्षक तथा कर्मचारीले व्यवसायिक प्रकृतिको काम काजगर्दा क्याम्पस, प्रचलित नेपाल कानून, मान्यताप्राप्त राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाबाट तोकिएको वा प्रतिपादित व्यवसायिक नैतिकता र आचार संहिता पालना गर्नुपर्नेछ ।

### (ठ) अवाञ्छित प्रभाव पार्न नहुने

पदाधिकारी, शिक्षक तथा कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा स्वार्थ साध्य गर्ने किसिमले अन्य पदाधिकारी, शिक्षक तथा कर्मचारी माथि अवाञ्छित प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु हुदैन् ।

### (ड) अपराधलाई प्रश्रय गर्न नहुने

कुनै अपराधलाई प्रश्रय गर्ने गरी तालाबन्दी गर्नु, शारीरिक वा मानसिक कष्ट र पिडा हुने गरी दवाव दिनु वा सो गर्ने उद्देश्यले अरुलाई उस्काउनु समेत हुदैन् ।

### (ढ) तोकिएको जिम्मेवारी पुरा गर्ने

शिक्षकहरूले तोकिएको कक्षा लिने, सुपरिवेक्षण तथा निरीक्षण गर्ने र अन्य प्राज्ञिक कार्य गर्नु पर्ने छ र कर्मचारीले कार्य विवरण अनुसारको कार्य गर्नु पर्नेछ ।

## परिच्छेद - १०
## सजाय र पुनरावेदन

### ५२. शिक्षक तथा कर्मचारीलाई गर्न सकिने सजाय

उचित र प्रयाप्त कारण भएमा शिक्षक तथा कर्मचारीलाई निम्नानुसारको सजाय गर्न सकिनेछ :

**(क) सामान्य सजाय**

(१) नसिहत दिने

(२) बढीमा २ ग्रेड रोक्का गर्ने

(३) बढीमा २ वर्षसम्मका लागि बढुवा रोक्ने

**(ख) विशेष सजाय**

(१) भविष्यमा क्याम्पस सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने वा वर्खास्त गर्ने

(२) भविष्यमा क्याम्पस सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट हटाउने वा वर्खास्त गर्ने

### ५३. नसिहत दिने, ग्रेड वृद्धि वा बढुवा रोक्का गर्ने

निम्न कुनै अवस्थामा शिक्षक तथा कर्मचारीलाई नसिहत दिन ग्रेड वृद्धि वा बढुवा रोक्का गर्न सकिनेछ :

(१) काम सन्तोषजनक नभएमा

(२) पुर्व स्वीकृति नलिई वारम्बार अनुपस्थिति रहने गरेमा

(३) अनुशासनहिन काम गरेमा

(४) आचारण सम्बन्धि नियम उल्लघन गरेमा

(५) तोकिएबमोजिम बर वुझारथ नगरेमा

(६) तोकिएबमोजिको काम नगरेमा

## ५४. सेवाबाट हटाउन वा वर्खास्त गर्न सकिने

निम्न कुनै अवस्थामा शिक्षक तथा कर्मचारीलाई क्याम्पस सेवाका निमित्त भविष्यमा अयोग्य नठहरिने गरी वा अयोग्य ठहरिने गरी सेवाबाट हटाउन वा वर्खास्त गर्न सकिनेछ :

(१) आफ्नो कर्तव्यमा लापरवाही गरेमा

(२) कार्य क्षमताको अभाव भएमा

(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार प्रमाणित भइ सजाय पाएमा

(४) बहुलाएमा वा मानसिक सन्तुलन गुमाइ जिम्मेवारी पुरा गर्न नसक्ने भएमा

(५) भष्ट्राचार गरेको प्रमाणित भएमा

(६) विनियम ५२ अनुसारको सजाय पटक पटक पाईरहेमा

(७) क्याम्पस बाहेक अन्य निकायमा विनापूर्व स्वीकृति नोकरी गरेमा तर यो नियमावली लागु हुनभन्दा अगाडी पूर्व स्वीकृत नलिई अन्यत्र पुरा वा आंशिक रुपमा कार्यरत रहेको शिक्षक तथा कर्मचारीहरूले यो नियमावली लागु भएको मितिले ६० दिनभित्र क्याम्पसको स्वीकृति लिनु पर्नेछ अन्यथा यसै विनियम बमोजिम कारवाही हुनेछ ।

(८) आचारणका विनियमहरूलाई वारम्बार पालना नगरेमा वा उल्लङ्घन गरेमा

(९) लगातार ३५ दिनभन्दा बढी समयसम्म सूचना नदिई क्याम्पस वा कार्यालयमा अनुपस्थित रहेमा

(१०) आफूसँग सम्बन्धित निकायको अभिलेख दुरुस्त नराखि क्याम्पसको कार्य सम्पादनमा समस्या सृजना गराएमा ।

## ५५. बाँकी बक्यौता तलबबाट कट्टा गरी असुल गरिने

कुनै शिक्षक तथा कर्मचारीले जानीजानी लापरवाही गरी वा प्रचलित कानूनको उल्लघन गर्दा क्याम्पसलाई हुन आएको नोक्सानी सम्पूर्ण वा आंशिक रुपमा निजको सञ्चय कोष बाहेकको तलबबाट कट्टा गरी असुल उपर गर्न सकिनेछ । यसरी असुल गर्न पाउने रकम तलबबाट नपुग्ने भएमा प्रचलित कानूनबमोजिम निजको अन्य जायजेथाबाट असुल उपर गर्ने कानूनी मार्ग अवलम्बन गरिनेछ ।

## ५६. निलम्बनमा राखी कारवाही गर्ने

(१) निम्नलिखित अवस्थामा अख्तियारवालाले सम्बन्धित शिक्षक तथा कर्मचारीलाई निलम्बनमा राखी कारवाही गर्नेछ :

(क) निलम्बन नगरी कारवाही अगाडी बढाउँदा सवुत प्रमाण लोप गर्ने वा झुट्टा सवुत प्रमाण खडा गर्न सक्ने आंशका रहेमा ।

(ख) निलम्बन नगरी कारवाही अगाडी बढाउँदा क्याम्पसलाई नोक्सानी हुने वा कारवाहीमा बाधा पुग्ने देखिएमा ।

(२) निलम्बनमा परेको शिक्षक तथा कर्मचारी दोष मुक्तहुने गरी वा कुनै सजाय पाउने गरी अख्तियारवालाले निर्णय गरेमा निजको निलम्वन समाप्त भएको मानिनेछ ।

(३) स्वत: निलम्वनमा रहेको अवस्थामा बाहेक विनियम कुनै शिक्षक तथा कर्मचारीलाई निलम्बनमा राख्दा ३ महिनाभन्दा बढी समयका लागि निलम्बनमा राखिने छैन र सोही समयसिमाभित्रै कारवाहीको टुङ्गो लगाउनुपर्ने छ ।

## ५७. सजायको कार्यविधि

(१) विनियम ५४बमोजिम सफाईको मौका नदिई सेवाबाट हटाईने वा बर्खास्त गर्न सकिनेमा बाहेक अन्य कुनै कर्मचारीलाई सजाय गर्नु परेमा सजाय गर्ने आदेश दिनु भन्दा अघि कारावाही गर्न लागिएको कारण उल्लेख गरी सो शिक्षक तथा कर्मचारीलाई सूचना दिइ निजलाई आफ्नो सवुत पेश गर्ने मौका दिनु पर्नेछ ।

(२) अख्तियारवालाले कुनै शिक्षक तथा कर्मचारीलाई सजाय गर्नु अगाडी कारवाही गर्न लागिएको कारण उल्लेख गरी सो शिक्षक तथा कर्मचारीलाई सूचना दिई निजलाई आफ्नो सवुत पेश गर्ने मौका दिनु पर्नेछ ।

(३) यस्तो सूचना दिदा शिक्षक वा कर्मचारीमाथि लगाईएको आरोप स्पष्ट रुपले किटिएको हुनु पर्छ । प्रत्येक आरोप कुन कुरा र कारणमा आधारित छ सो समेत खुलाउनु पर्छ र त्यस्ता आरोपको सम्बन्धमा निजले सफाई तोकिएको म्यादभित्र पेश गर्नुपर्छ ।

(४) आरोप लागेको शिक्षक वा कर्मचारीको सफाई प्राप्त भएपछि सो सम्बन्धमा अख्तियारवालाले आवश्यक ठानेमा स्वयं वा कुनै व्यक्ति वा समितिद्वारा छानविन गराउन सक्नेछ ।

**५८. पुनरावेदन :**

कुनै शिक्षक तथा कर्मचारीलाई आफुले पाएको सजायमा चित्त नबुझेमा आफ्नो पूर्ण विवरण र सजायको आदेशको सूचनाको प्रतिलिपि समेत संलग्न गरी सजायको सूचना पाएको मितिले बाटाका म्यादबाहेक ३५ दिनभित्र त्यस्तो सजायको आदेश विरुद्ध सञ्चालक समितिको अध्यक्ष समक्ष पुनरावेदन दिन सक्नेछ ।

**५९. सेवामा पुनः बहाली भएमा तलबभत्ता पाउने**

कुनै शिक्षक तथा कर्मचारीलाई क्याम्पस सेवाबाट हटाउने वा वर्खास्त गर्ने आदेश वदर भई निज सेवामा पुनर्वहाली भएमा सेवाबाट हटाईएको वा वर्खास्त गरिएको मितिदेखि पुनर्वहाली भएको मितिसम्मको पुरा तलबभत्ता र ग्रेडवृद्धि भए त्यस्तो वृद्धि समेत प्राप्त गर्नेछ ।

**६०. सेवामा बहाल गर्न बाध्य नहुने**

क्याम्पस सेवबाट हटाईएको वा वर्खास्त गरिएको कुनै शिक्षक तथा कर्मचारी आफ्नो पदमा पुनर्वहाली भएको सूचना पाएको मितिले बाटोको म्यादबाहेक ३५ दिनभित्र हाजिर हुन नआएमा क्याम्पस सेवामा बहाल गर्न बाध्य हुनेछैन् ।

## परिच्छेद - ११

## व्यक्तिगत अभिलेख सम्बन्धी व्यवस्था

६१. क्याम्पसका प्राध्यापक/शिक्षक तथा कर्मचारीहरूको देहायका विवरणहरू समावेस हुनेगरी व्यक्तिगत अभिलेख क्याम्पस प्रशासन कार्यालयमा राखिनेछ :

(क) व्यक्तिगत अभिलेखमा प्राध्यापक/शिक्षक तथा कर्मचारीहरूको नागरिक्ताको प्रतिलिपि, नियुक्ति पत्रको प्रतिलिपि र शैक्षिक योग्यता तथा तालिमका कागजातहरूको प्रतिलिपि प्रमाणित गराई राखिनेछ । साथै तालीम, विदा लगायत निजले पाएको पुरस्कार, सजाय समेतको अभिलेख राखिनेछ ।

(ख) यस अभिलेखमा दर्ता भएको जन्ममिति अनुसारको उमेरको हद मानिनेछ । यसमा प्रत्येक प्राध्यापक/शिक्षक तथा कर्मचारीहरूको सेवा सम्वन्धी विवरण, अनुशासन तथा कर्तव्य पालना सम्वन्धी सम्पूर्ण विवरण समावेश गरिनेछ ।

(ग) व्यक्तिगत अभिलेख क्याम्पस प्रमुखको आदेश विना असम्बन्धित व्यक्ति वा निकायलाई उपलब्ध गराइने छैन ।

## परिच्छेद - १२
## विविध

### ६२. पूर्व सूचना दिनु पर्ने

क्याम्पसमा कार्यरत कुनै शिक्षक तथा कर्मचारीले राजीनामा दिन चाहेमा निजले ३ महिनाको पूर्व सूचना दिनु पर्नेछ । त्यस्तो सूचना नदिई एकै पटक राजिनामा गरेमा त्यस्तो शिक्षक वा कर्मचारीबाट क्याम्पसले ३ महिनाको तलब असुल गर्न सक्नेछ । उचित कारण भएमा सञ्चालक समितिले यो समय कमगर्न सक्नेछ ।

### ६३. निरोगिताको प्रमाणपत्र पेश गर्नु पर्ने

स्थायी हुनुभन्दा पहिले प्रत्येक शिक्षक तथा कर्मचारीले नेपाल मेडिकल काउन्सिलबाट मान्यताप्राप्त चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पेश गर्नु पर्छ ।

### ६४. सेवा सम्बन्धि विवरण अद्यावधिक राख्नु पर्ने

(१) क्याम्पस कार्यालयमा क्याम्पसका पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूको सेवा दर्ता किताब रहनेछ ।

(२) सेवा दर्ता किताबमा शिक्षक वा कर्मचारीको उमेर, शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाणपत्र र अन्य सरकारी जन्मतिथि प्रमाणपत्र अनुसार भरिनेछ ।

(३) उमेर सम्बन्धि कुनै विवाद उठेमा दर्ता किताबमा चढाएको उमेर अन्तिम हुनेछ । सेवाबाट अवकास सोही सेवा दर्तामा उल्लेख गरेको उमेरको आधारमा हुनेछ ।

(४) सेवा पुस्तिकामा प्रत्येक शिक्षक तथा कर्मचारीको सेवा तथा आचरण सम्बन्धि हरेक वर्ष प्राप्त हुने विवरण वा प्रतिवेदनको साराशं लेखिनेछ । साथै शिक्षकहरूले क्याम्पसमा पेश गरेका वर्ष भरीमा प्रकाशित गरेका पाठ्यपुस्तक वा अनुसन्धानात्मक कृतिहरूको सूची पनि लेखिनेछ ।

### ६५. बरबुझारथ गर्नुपर्ने

कुनै शिक्षक वा कर्मचारीले सेवा छाड्दा अख्तियारवालालाई सेवा छाडेको वा अवकास प्राप्त गरेको ३५ दिनभित्र आर्थिक प्रशासन विनियम बमोजिम बरबुझारथ गर्नुपर्नेछ । सो बरबुझारथ नगरेसम्म क्याम्पसबाट पाउने संचयकोष बाहेकको अन्य रकम रोक्का गरिनेछ ।

## ६६.    असलनियतले गरेको कामको बचाउ

विनियम बमोजिम असल नियतलिई गरेको वा गर्न खोजेको कुनै कामको सम्बन्धमा क्याम्पसका कुनै शिक्षक तथा कर्मचारी उपर मुद्दा चलाउने वा अन्य कुनै कानुनी कारवाही अगाडी बढाईने छैन् ।

## ६७.    बाधा अड्काउ फुकाउने

यो विनियमबमोजिम कुनै काम कारवाही गर्द कुनै बाधा अड्चनआइ परेमा त्यस्ता बाधा अड्चन हटाउने वा फुकाउने अधिकार सञ्चालक समितिको हुनेछ ।

## ६८.    कार्य व्यवस्थापन प्रणाली तर्जुमा गर्न सकिने

यस विनियमको उद्देश्यपूर्तिका लागि सञ्चालक समितिले कार्य व्यवस्थापन प्रणाली बनाई लागु गर्न सक्नेछ ।

## ६९.    खारेजी र बचाउ

(१)    यो विनियम लागु हुनभन्दा अगाडि कायम रहेका नियमखारेज गरिएका छन् ।

(२)    उपनियम(१)अन्तरगत नियमअनुसार गरिएका सबै काम कारवाही यसै विनियमबमोजिम भए गरेको मानिनेछ ।

## ७०.    स्विकृत लिनुपर्ने

क्याम्पसका स्थायी प्राध्यापक तथा कर्मचारीले अन्य कुनै संस्था वा निकायमा वैधानिक रुपले कामकाज गर्नु पुर्व क्याम्पस सञ्चालक समितिको स्विकृति अनिवार्य रूपमा लिनुपर्नेछ । साथै स्थायी पदका प्राध्यापक तथा कर्मचारीले अन्य कुनै सरकारी वा नेपाल सरकारको स्वामित्व भएको संघ संस्था वा निकायमा स्थायी पदको नियुक्ति लिन सक्ने छैनन् ।

**७१. अन्यत्र काम गर्न नपाइने**

यस क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीहरूले क्याम्पसले निर्धारण गरेको समय तालिका भित्र अन्यत्र काम गर्न पाउने छैनन् ।

**७२. पोशाक दिन सकिने**

क्याम्पसमा कार्यरत स्थायी पियन तथा सो स्तरका कर्मचारीहरूलाई वर्षको एकपटक क्याम्पसले तोकेको पोशाक दिन सकिनेछ ।

**७३. कक्षाभार**

क्याम्पसमा कार्यरत स्थायी, अस्थायी तथा पूर्णकालिन करार पदका प्राध्यापकहरूको कक्षामा भार संचालक समितिले तोके बमोजिम हुनेछ । क्याम्पसको आवस्यकताअनुसार थप कक्षा अध्यापन गर्ने जिम्मेवारी दिन सकिनेछ । यसरी थप कक्षा लिने जिम्मेवारी दिइएकोमा क्याम्पस नियमलाई आधार मानि क्याम्पस संचालक समितिले तोके अनुसार पिरियडको आधारमा थप परिश्रमिक दिईनेछ । तर, कुनै एक सिफ्टको पूर्णकालिन प्राध्यापक तथा कर्मचारीलाई कुनै अर्को सिफ्टमा काममा लगाउनुपर्दा अत्तिरिक्त भुक्तानी दैनिक हाजिरी आधारमा गरिने छ ।

**७४. संसोधन व्याख्या तथा खारेजी**

यस विनियमको संसोधन तथा व्याख्या गर्ने अधिकार क्याम्पस सञ्चालक समितिलाई हुनेछ । यो विनियम क्याम्पस विधान तथा प्रचलित ऐन कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

*****